आ.व. २०८३/०८४ को लागि सामाजिक सेवा एकाइ कार्यक्रम सञ्चालन मार्गदर्शन

१. परिचय

नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरीकलाई राज्यबाट कानुनमा व्यवस्था भए बमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनी स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। उक्त हकको कार्यन्वयनका लागि वि.स.२०६५ देखि तोकिएका अस्पतालहरुमा लक्षित समूहका बिरामीहरुलाई स्वास्थ्य सेवा निःशुल्क तथा सहुलियत दरमा उपलब्ध गराउन सामाजिक सेवा एकाई स्थापना गरी संचालन गरिएको छ। सो सेवा संचालन गर्न संघबाट संघीय, प्रादेशिक तथा स्थानीय तहका अस्पतालहरुमा सशर्त अनुदान रकम उपलब्ध गराउँदै आएको छ। उक्त सेवा आ.व २०८३/८४ मा ७७ वटै जिल्लामा रहेका ९४ वटा अस्पतालहरूमा संचालन भैरहेको छ। संघीय, प्रादेशिक र स्थानीय तहका अस्पतालहरुमा लक्षित समूहका बिरामीहरुलाई उपलब्ध गराउँदै आएको निःशुल्क तथा सहुलियतपूर्ण स्वास्थ्य सेवालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउदै सबै सामाजिक सेवा एकाइको सेवा प्रवाहमा एकरूपता कायम गर्ने उद्देश्यले यो मार्गदर्शन तयार गरिएको छ।

२. उद्देश्य

सामाजिक सेवा एकाइको मुख्य उद्देश्य लक्षित समूहका बिरामीहरुलाई अस्पतालहरुमा उपलब्ध सेवा निशुल्क तथा सहुलियतमा उपलब्ध गराउनु तथा लक्षित समुह मैत्री सेवा प्रवाह गर्न आवश्यक सहजीकरण गर्नु रहेको छ।

सामाजिक सेवा एकाईका उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- लक्षित समूहका बिरामीहरुको स्वास्थ्य सेवामा समतामूलक पहुँच एवं उपयोगमा वृद्धि गर्ने।
- लक्षित समूहहरुलाई निःशुल्क तथा सहुलियतमा स्वास्थ्य सेवाहरु उपलब्ध गराउने।

डा. विकास देवकोटा
सचिव

- स्वास्थ्य सम्बन्धी सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरू स्वास्थ्य बिमा, जेरियाट्रिक स्वास्थ्य सेवा, आमा सुरक्षा, नवजात शिशु स्वास्थ्य, आकस्मिक स्वास्थ्य सेवा, विपन्न नागरिक औषधि उपचार कार्यक्रम लगायतका सामाजिक सुरक्षा कार्यक्रमहरु एकीकृत रूपमा लक्षित समूहको बिरामीहरूलाई उपलब्ध गराउन संयोजन एवम् सहजीकरण गर्ने।
- व्यवस्थित, पारदर्शी र प्रभावकारीरुपले लक्षित समूहले स्वास्थ्य सेवा लिन सक्ने वातावरण तयार गर्दै स्वास्थ्य सेवा प्रवाह गर्ने।
- आधारभूत र आकस्मिक स्वास्थ्य सेवाबाट कोही पनि नछुटुन् भन्ने मान्यता कार्यान्वयन गर्ने।

आ.व.२०८३/८४ मा संघिय अनुदानमार्फत सामाजिक सेवा एकाइ कार्यक्रम सञ्चालन हुने अस्पतालहरु :

कोशी प्रदेश
१.वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, सुनसरी २.पाँचथर अस्पताल, पाँचथर ३.कोशी अस्पताल, मोरङ ४.उदयपुर अस्पताल, उदयपुर ५.इलाम अस्पताल, ईलाम ६.मेची अस्पताल, भद्रपुर ७.ताप्लेजुङ्ग अस्पताल, ताप्लेजुङ्ग ८.संखुवासभा अस्पताल, संखुवासभा ९.इनरूवा अस्पताल, ताप्लेजुङ्ग १०.रूम्जाटार अस्पताल, ओखल्ढुङ्गा ११.फाप्लु अस्पताल, सोलुखुम्बु १२.धनकुटा अस्पताल, धनकुटा १३.तेह्रथुम अस्पताल, तेह्रथुम १४.भोजपुर अस्पताल, भोजपुर १५.खोटाङ्ग अस्पताल, खोटाङ्ग
मधेश प्रदेश
१६.जनकपुर प्रादेशिक अस्पताल, धनुषा १७.नारायणी अस्पताल, विरगंज १८.गौर अस्पताल, रौटहट १९.गजेन्द्र नारायण अस्पताल, ससरी

डा. विकास देवकोटा
सचिव

२०.कलैया अस्पताल, बारा २१.महोत्तरी अस्पताल, महोत्तरी २२.सिराहा अस्पताल, सिराहा २३.सर्लाही अस्पताल, सर्लाही २४.बर्दिवास अस्पताल, महोत्तरी २५.राम उमास्मारक अस्पताल, लहान
बाग्मती प्रदेश
२६.चिकित्सा स्वास्थ्य विज्ञान राष्ट्रिय प्रतिष्ठान,वीर अस्पताल, काठमाण्डौ २७.कान्ती बाल अस्पताल, काठमाण्डौ २८.परोपकार स्त्री तथा प्रसुति रोग अस्पताल, काठमाण्डौ २९.राष्ट्रिय ट्रमा सेन्टर, काठमाण्डौ ३०.पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर ३१.शहिद शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाण्डौ ३२.मानसिक अस्पताल, ललितपुर ३३.भरतपुर अस्पताल, चितवन ३४.बकुलहर रत्ननगर अस्पताल, चितवन ३५.हेटौडा अस्पताल, मकवानपुर ३६.त्रिशुली अस्पताल, नुवाकोट ३७.सिन्धुली अस्पताल, सिन्धुली ३८.धादिङ अस्पताल, धादिङ ३९.चौतारा अस्पताल, सिन्धुपाल्चोक ४०.ठोकर्पा अधारभूत अस्पताल, सिन्धुपलान्चोक ४१.चरिकोट अस्पताल, दोलखा ४२.रामेछाप अस्पताल, रामेछाप ४३.धुलिखेल सामुदायिक अस्पताल, काभ्रे ४४.किर्तिपुर वर्न सेन्टर, किर्तिपुर ४५.भक्तपुर अस्पताल, भक्तपुर ४६.रसुवा अस्पताल, रसुवा
गण्डकी प्रदेश
४७.पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, कास्की ४८.धौलागिरी अस्पताल, बाग्लुगं ४९.गोरखा अस्पताल, गोरखा ५०.दमौली अस्पताल, तनहुँ ५१.पर्वत अस्पताल, पर्वत

डा. विकास देवकोटा
सचिव

५२. स्याङ्गजा अस्पताल, स्याङ्गजा ५३.म्याग्दी अस्पताल,म्याग्दी ५४.मनाङ्ग अस्पताल, मनाङ्ग ५५.मुस्ताङ्ग अस्पताल, मुस्ताङ्ग ५६.लम्जुङ्ग अस्पताल, लम्जुङ्ग ५७.मध्यदिन्दू अस्पताल, नवलपरासी पूर्व
लुम्बिनी प्रदेश
५८.राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान अस्पताल, दाङ ५९.राप्ती प्रादेशिक अस्पताल, दाङ्ग ६०.भेरी अस्पताल, बांके ६१.लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल ६२.गुलेरिया अस्पताल, बर्दिया ६३.तम्घास अस्पताल, गुल्मी ६४.पृथ्वीचन्द्र अस्पताल, नवलपरासी ६५.प्युठान अस्पताल, प्युठान ६६.रोल्पा अस्पताल, रोल्पा ६७.रूकुमपूर्व अस्पताल, रूकुम ६८.पाल्पा अस्पताल, पाल्पा ६९.शन्धिखर्क अस्पताल, अर्घाखाँची ७०.कपिलबस्तु अस्पताल, कपिलबस्तु ७१.भीम अस्पताल, रुपन्देही ७२. भालुवाङ अस्पताल, दाङ ७३. रामपुर अस्पताल, पाल्पा
कर्णाली प्रदेश
७४.कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला ७५.दैलेख अस्पताल, दैलेख ७६.जाजरकोट अस्पताल, जाजरकोट ७७.रूकुम अस्पताल, रूकुम ७८.प्रादेशिक अस्पताल, सुर्खेत ७९.कालिकोट अस्पताल, कालिकोट ८०.हुम्ला अस्पताल, हुम्ला ८१.मुगु अस्पताल, मुगु ८२.डोल्पा अस्पताल, डोल्पा ८३.सल्यान अस्पताल, सल्यान ८४.मेहलकुना अस्पताल, सुर्खेत

डा. विकास देवकोटा
सचिव

सुदुरपश्चिम प्रदेश
८५.डडेलधुरा अस्पताल, डडेलधुरा ८६.सेती अस्पताल, धनगढी ८७.महाकाली प्रादेशिक अस्पताल, कञ्चनपुर ८८.दार्चुला अस्पताल, दार्चुला ८९.बैतडी अस्पताल, बैतडी ९०.मंगलसेन अस्पताल, अछाम ९१.बझाङ्ग अस्पताल, बझाङ्ग ९२.बाजुरा अस्पताल, बाजुरा ९३.डोटी अस्पताल डोटी ९४.टिकापुर अस्पताल, कैलाली

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. सामाजिक सेवा एकइ संरचना तथा सञ्चालन ढाँचा

३.१ संरचना

सामाजिक सेवा एकाइ सञ्चालनका लागि संघीय, प्रादेशिक तथा स्थानीय तहका अस्पतालहरुमा सामाजिक सेवा एकाइ स्थापना तथा सञ्चालन निर्देशिका, २०७८ (परिमार्जन, २०७९) बमोजिम निम्नानुसारको संस्थागत व्यवस्था गरिएको छ।

३.१.१ सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समिति

स्वास्थ्य क्षेत्रका सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई सामाजिक सेवा एकाइ मार्फत तोकिएका लक्षित समूहका बिरामीहरूलाई निःशुल्क वा सहुलियत दरमा उपलब्ध गराउन आवश्यक व्यवस्थापन गर्न र एकाइले निर्णय लिन नसकेका विषयमा निर्णय गर्न अस्पताल प्रमुखको संयोजकत्वमा नर्सिङ प्रमुख, आकस्मिक विभाग प्रमुख, मेडिकल विभाग प्रमुख, लेखा प्रमुख, प्रशासन प्रमुख, जिल्ला संयोजक (स्वास्थ्य बिमा बोर्ड जिल्ला सम्पर्क कार्यालय) र सामाजिक सेवा एकाइ प्रमुख रहेको सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समिति गठन गर्नुपर्नेछ।

डा. विकास देवकोटा
सचिव

३.२ सञ्चालन प्रकृया: स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट बिनियोजन भएको सशर्त अनुदान स्वरूप **निर्देशिका बमोजिम सामाजिक सेवा एकाइ, एकद्वार संकट व्यवस्थापन केन्द्र, जेरियाट्रिक वार्ड संचालन** शिर्षकमा विनियोजित बजेटबाट सामाजिक सेवा एकाइ संचालनका लागि आवश्यकताको आधारमा रकम छुट्याउनु पर्नेछ। स्वास्थ्य बिज्ञान प्रतिष्ठानको हकमा प्राप्त शसर्त अनुदान स्वरूप **"प्रतिष्ठान/अस्पताल सञ्चालन खर्च"** शिर्षकमा विनियोजित बजेटबाट सामाजिक सेवा एकाइ संचालनका लागि बिरामीको चाप र आवश्यकताको आधारमा रकम छुट्याउनु पर्नेछ।

३.२.१. सामाजिक सेवा एकाइ कार्यक्रम सञ्चालनका लागि प्राप्त वजेटबाट अस्पतालहरुमा बिरामीको चाप र अवश्यकताको आधारमा १(एक) जना देखि बढिमा ६(छ) जनासम्म (महिला र पुरुष अनुपात मिलाएर) सहजकर्ता राख्न सकिनेछ। ५०(पचास) शैयासम्मको अस्पतालहरूको लागि १(एक) जना, ५१-१००(एकाउन्न देखि सय) शैया सम्मको अस्पतालको लागि २ जनासम्म, १०१-२००(सय देखि दुई सय) शैयासम्मको अस्पतालको लागि ३ जना सम्म, २०१-४००(दुई सय एक देखि चार सय) शैयासम्मको अस्पतालको लागि ४ जना सम्म र ४०१-६००(चार सय एक देखि छ सय) शैयासम्मको अस्पतालको लागि ५ जना सम्म र ६०१(छ सय एक) शैयाभन्दा माथिको अस्पतालको लागि बढीमा ६(छ) जनासम्म सहजकर्ता राख्न सकिनेछ। सामाजिक सेवा एकाइद्वारा प्रदान गरिने सेवा प्रवाहमा सहजीकरण गर्न, अभिलेखीकरण लगायका कार्यहरूमा सहयोग पुऱ्याउन प्रचलित कानून अनुसार अस्पतालले सेवा करार गरी आवश्यक सहजकर्ताको छनौट र नियुक्ति गर्नुपर्नेछ। यसरी छनौट भएका सहजकर्ताहरुलाई सामाजिक सेवा एकाई (स्थापना तथा संचालन निर्देशिका), २०७९, दफा १७ बमोजिम कार्यविवरण तयार गरी प्रदान गर्नु पर्नेछ।

३.२.२ सहजकर्ताहरूको शैक्षिक योग्यता कम्तिमा अ.हे.व./ अ.न.मी. वा सो सरहको स्वास्थ्य सम्वन्धी योग्यता भएको हुनु पर्नेछ साथै कम्प्युटर संचालन सम्वन्धी आधारभुत सीप र ज्ञान भएको हुनुपर्नेछ।

३.२.३ सामाजिक सेवा एकाइको लक्षित समूह भित्र ज्येष्ठ नागरिक पनि पर्ने भएकोले जेरियाट्रिक वार्ड सञ्चालन भएको अवस्थामा सम्बन्धित अस्पताल व्यवस्थापनले सो वार्ड तथा सामाजिक सेवा एकाई सञ्चालनका लागि

डा. विकास देवकोटा
सचिव

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय एवं प्रदेश मन्त्रालयबाट (स्वास्थ्य क्षेत्र हेर्ने) प्राप्त रकमलाई एउटै बास्केटमा राखी आवश्यकता अनुसार खर्च व्यवस्थापन गर्न सक्नेछ।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
सिंहदरबार, काठमाडौं

३.३.४ सामाजिक सेवा एकाई स्थापना तथा सञ्चालन निर्देशिका, २०७८ (परिमार्जन, २०७९) बमोजिम लक्षित समूहका बिरामीहरुलाई अस्पतालबाट निःशुल्क वा सहुलियत रुपमा उपलब्ध गराउनुपर्ने सेवाहरु बन्द/प्रदर्शन, महामारी तथा अन्य विपदको समयमा पनि अस्पतालले नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ।

३.३.५ सामाजिक सेवा एकाइबाट सेवा प्रदान गर्दा स्वास्थ्य बिमा, विपन्न नागरिक औषधोपचार, आकस्मिक स्वास्थ्य सेवा, निःशुल्क स्वास्थ्य सेवा लगायत अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरुसंग दोहोरोपना नहुने गरी गर्नुपर्नेछ।

३.३.६ सामाजिक सेवा एकाइमा सेवा लिन आउने सेवाग्राहीहरूलाइ स्वास्थ्य सेवा वीमा कार्यक्रम मार्फत सेवा लिनको लागि प्रोत्साहन गर्दै वीमामा आवद्द गराउन स्वास्थ्य सेवा विमा कार्यक्रमसंग समन्वय तथा सहजीकरण गर्नुपर्नेछ।

३.३.७ सामाजिक सेवा एकाइले प्रत्येक दिन अर्थात २४ घन्टामा सेवा दिएका विरामीहरूको नाम र सेवाको प्रकार खुल्ने गरी निःशुल्क वा सहुलियत सहितको प्रगति डिजीटल डिस्प्ले वा सेतो पाटीमा सबैले देख्ने गरी टाँस्नु पर्नेछ।

३.३.८ यस मार्गदर्शनमा उल्लेख गरिएका प्रावधान एवं शर्तहरुले "सामाजिक सेवा एकाई स्थापना तथा सञ्चालन निर्देशिका, २०७८ (परिमार्जन, २०७९)" बमोजिम रहेकोले अन्य विषयहरूमा सोही निर्देशिका बमोजिम परिपालना गर्नुपर्नेछ ।

४. लक्षित समूह

सामाजिक सेवा एकाइले निःशुल्क वा सहुलियत रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने लक्षित समूह निम्नानुसार रहेका छन् :-

डा. विकास देवकोटा
सचिव

- गरिब
- असहाय, बेबारिसे
- अपाङ्गता भएका व्यक्ति (रातो र निलो परिचयपत्रबाहक)
- बिपन्न ज्येष्ठ नागरिक
- महिला स्वास्थ्य स्वयंसेविका
- प्राकृतिक प्रकोप (तत्काल पिडित)
- सहिद परिवार (परिचयपत्रबाहक)
- प्रहरीले ल्याएको बिपन्न थुनुवा
- सीमान्तकृत तथा लोपोन्मुख जाति एंव अस्पतालले स्थानीयताको आधारमा लक्षित समूह निर्धारण गर्न सक्नेछन्।

उल्लिखित लक्षित समूहका बिरामीहरुलाई आर्थिक अवस्थाको मूल्याङ्कन एवम् परिचयपत्रका आधारमा अस्पतालमा उपलब्ध सेवाहरुमा निशुल्क तथा सहुलियत प्रदान गर्नुपर्नेछ। लक्षित समूह पहिचान गर्ने आधार र उनीहरुले पाउने सहुलियतका बारेमा "सामाजिक सेवा एकाइ स्थापना तथा सञ्चालन निर्देशिका, २०७८ (परिमार्जन, २०७९) मा उल्लेख गरिए बमोजिम हुनुपर्नेछ । विपन्न ज्येष्ठ नागरिकको हकमा ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम लागु नभएको अस्पतालमा मात्र सामाजिक सेवा एकाइबाट निशुल्क तथा सहुलियत सेवा प्रदान गर्नुपर्नेछ।

५. प्रमुख क्रियाकलाप

५.१ सहजकर्ताको लागि पारिश्रिमक: सामाजिक सेवा एकाइमा सेवा करारमा कार्यरत सहजकर्तालाई दिईने पारिश्रमिक नेपाल सरकारको सहायक चौथो तह (स्वास्थ्य सेवा) सरहको आधारभूत तलबमा नबढाई छुट्याउनु पर्नेछ। सामाजिक सेवा एकाइ कार्यक्रमको लागि छनौट गरिएका सहजकर्ताहरुलाई सामाजिक सेवा एकाइ बाहेक अस्पतालको अन्यत्र सेवामा खटाईएको अवस्थामा र तोकिएको संख्याभन्दा बढी

डा. विकास देवकोटा
सचिव

सहजकर्ताहरु राखिएको अवस्थामा यस कार्यक्रमको लागि उपलब्ध अनुदानबाट पारिश्रमिक उपलब्ध गराउन पाइनेछैन।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

५.२ कार्यालय सामानः सामाजिक सेवा एकाइको लागि आवश्यक फारम छपाई, अभिलेख र रजिष्टर छपाई, र सहजकर्तालाई ड्रेस (एप्रोन- निलो रंगको-सहजकर्ता लेखिएको)को लागि अनुदानबाट बजेट छुट्याउन सकिनेछ।

५.३ कार्यक्रमको समीक्षा तथा बैठकः सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समिति र सामाजिक सेवा एकाइको नियमित बैठक तथा कार्यक्रमको समीक्षा गर्नुपर्नेछ ।समिति तथा एकाइको बैठक तथा समिक्षा कार्यक्रममा खाजा बापत अनुदानबाट खर्च गर्न सकिनेछ।

५.४ लक्षित वर्गका लागि औषधी, खाना, यातायत, कुरुवा खर्चः लक्षित वर्गका बिरामीका लागि औषधी एवं रेफरल यातायात खर्च र अति गरिब बिरामीको खाना तथा बेवारिसे, असहाय, असक्त एवम् अपाङ्गता भएका विमारीहरूको लागि कुरुवा खर्च समेत (आवश्यकता औचित्यका आधारमा) व्यवस्थापन गर्नसकिनेछ।

६. अभिलेख तथा प्रतिवेदन

सामाजिक सेवा एकाइबाट निःशुल्क वा सहुलियतमा सेवा लिएका बिरामीहरुको अभिलेख "सामाजिक सेवा एकाइ स्थापना तथा सञ्चालन निर्देशिका, २०७८ (परिमार्जन, २०७९)" को अनुसूचीमा दिइएको ढाँचामा अद्यावधिक गरी प्रत्येक दिन अनलाइन प्रणाली मार्फत प्रविष्ट गर्नुपर्नेछ। सामाजिक सेवा एकाइको जिम्मेवार प्राप्त व्यक्तिले युजर आइ. डी. र पासवर्ड गोप्य रूपमा व्यवस्थित गर्नुपर्नेछ। यदि जिम्मेवारी फेरबदल वा जिम्मेवा रीबाट अलग भएमा आफूले जिम्मा लिएको र आफूले सिकेको ज्ञान, रेकर्डिङ्ग तथा रिपोर्टिङ्ग को जानकारी जिम्मेवारी प्राप्त व्यक्तिलाई हस्तान्तरण गर्नुपर्नेछ।

७. कार्यक्रम सञ्चालन खर्च

सामाजिक सेवा एकाइ सञ्चालनका लागि संघ, प्रदेश तथा स्थानीय तहका अस्पतालहरुमा विनियोजित बजेटलाई नेपाल सरकारको कार्य सञ्चालन निर्देशिका अनुसार विस्तृत विवरण तयार गरी सामाजिक स्वास्थ्य सुरक्षा

डा. विकास देवकोटा
सचिव

व्यवस्थापन समितिको बैठकबाट बाँडफाँड स्वीकृत गराउनुपर्दछ। यदि कुनै शीर्षक अन्तर्गतको रकम खर्च हुन नसकेमा दोस्रो चौमासिक भित्र सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिको निर्णयानुसार उल्लेखित शीर्षकहरु मध्येबाट आवश्यकता अनुसार अन्य शिर्षकमा रकमान्तर गरी खर्च गर्न सकिनेछ। कार्यक्रम संचालन खर्चको अनिवार्य लेखा परीक्षण गराउनुपर्नेछ।

८. कार्यक्रम संचालनमा बाहेक अन्यत्र खर्च गर्न नहुने

सामाजिक सेवा एकाइ संचालन खर्चबाट माथि तोकिए बाहेक अन्य कुनै प्रयोजनमा वा अस्पतालमा कर्मचारी करारमा राखी पारिश्रमिक वा अन्य तोकिए विपरितको कार्यमा खर्च गर्न पाइने छैन। यस शिर्षक अन्तर्गत विनियोजित बजेटबाट खर्च गर्दा नेपाल सरकारको अन्य सामाजिक सुरक्षाका कार्यक्रमसंग दोहोरो नहुने गरी खर्च गर्नु पर्नेछ।

९. लैङ्गिक हिसा पीडित/प्रभावित सम्बन्धमा

सामाजिक सेवा एकाइको लक्षित वर्ग अन्तर्गतको लैङ्गिक हिसाबाट पीडित/प्रभावितहरुको स्वास्थ्य सेवा सम्वन्धमा अस्पताल भित्रै एकद्वार संकट व्यवस्थापन केन्द्र संचालनमा भए सोहिबाट सम्पूर्ण स्वास्थ्योपचार निःशुल्क र सरल रूपमा सेवा प्रवाहका लागि सहयोग र समन्वय गर्ने, तर अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना नभएमा सामाजिक सेवा एकाइबाटै स्वास्थ्योपचार सेवा निःशुल्क प्रदान गर्ने साथै नजिकको एकद्वार संकट व्यवस्थापन केन्द्र संचालन अस्पतालमा स्वास्थ्य चेकजाँचको रिफरल फाईल सहित यातायात खर्च व्यवस्थापन गरी प्रेषण गर्नुपर्नेछ।

डा. विकास देवकोटा
सचिव